

# अध्याय -१३

## परमेश्वरको लक्ष्यको अन्त्य

यस अध्यायका मूल पदहरू : प्रकाश १:१-७; १ पत्रुस २:९; प्रकाश १४:६-१२; लूका ११:२३; १ तिमोथी २:४ र प्रकाश २१:१-४।

यस अध्यायको मूल सार पदः *"यी सबै कुराहरू यसरी पग्लन्छन् भन्ने जानेर पवित्रता र भक्तिको जीवनमा तिमीहरू कस्ता किसिमका मानिस हुनुपर्छ? तिमीहरू परमेश्वरको दिन प्रतीक्षा गर्दछौ, र त्यस दिनलाई नजिक ल्याउन चाहन्छौ, जुन दिन आकाशहरू जलेर भस्म हुनेछन्, र तत्त्वहरू आगोको रापमा पग्लनेछन्। तर उहाँको प्रतिज्ञाबमोजिम हामी नयाँ स्वर्ग र नयाँ पृथ्वीको बाटो हेर्छौं, जसमा धार्मिकताले वास गर्छ।" २ पत्रुस ३:११-१३।*

प्रकाशको पुस्तक युगको अन्तको दृश्य वा चित्रणहरूले भरिएको छ। यस पुस्तकको मूख्य केन्द्रविन्दु ख्रीष्ट र सैतानको बीचमा भएको र भइरहेको महासंग्राम हो। यथार्थमा सैतानले कानुनीरूपमा यस पृथ्वीमाथिको आधिपत्य गुमाइसकेको छ। अब परमेश्वरप्रति बफादार रहनेहरूलाई खतम गर्न उसले भरमग्दुर प्रयास गरिरहेको छ। येशूको दोस्रो आगमनमा परमेश्वरप्रति बफादार रहनेहरूलाई उद्धार गर्ने योजनालाई निर्णायत्मक र स्पष्टरूपमा प्रकाशको पुस्तकले चित्रण गर्दछ। आदमको पतनदेखि उहाँ नआउञ्जेल सुतिरहेका र बाँचिरहेका धर्मी जनहरूलाई उहाँले स्वर्गमा लानुहुनेछ। अग्नि कुण्डमा सैतान र दुष्टहरूलाई सदाको निम्ति जलाएर तिनीहरूको अस्तित्व बिलाइनेछ भनेर यही पुस्तकमा ठोकुवा गरेको छ। नयाँ

पृथ्वी सृष्टि गरि येशूले आफ्नो अनन्तको राज्य स्थापना गर्नेछ भनेर पनि प्रकाशको पुस्तकले चित्रण गर्दछ।

प्रकाशको पुस्तकका विद्यार्थीहरूले पहिलो शताब्दीदेखि अन्तिम युगसम्म घटेका र घट्ने घट्नाहरूलाई अत्यन्तै चासो देखाउँदै केलाएर अध्ययन गर्दछन्। प्रकाशको पुस्तकको भविष्यवाणीमा उल्लेख गरेका चिन्हहरू र घट्नाहरू तिनीहरूको अध्ययनको विषयबस्तु हो। प्रकाशको पुस्तकको यसरी अध्ययन गर्नु उचित नै छ।

यद्यपि, प्रकाशको पुस्तक मिसिनेरी वा सुसमाचार सुनाउनले लक्ष्य बोकेको पुस्तक हो भनेर हामी यस अध्ययनको अन्तिम अध्यायमा हेर्नेछौं। हाम्रो परमेश्वर नै मिसिनेरी परमेश्वर हो र हामी पनि मिशिनेरी चर्च हुन उहाँले आह्वान गरिरहनुभएको छ। यस संसारमा बर्तमान समय सापेक्षित सत्यलाई घोषणा गर्ने हाम्रो लक्ष्य युगको अन्तसम्म कायमै हुनेछ। यस संसारमा जन्मेको प्रत्येक व्यक्तिले परमेश्वरसँग उभिने कि उहाँको बिपक्षमा उभिने निर्णय गर्ने अधिकार र अवसर पाउनु पर्छ भन्ने सेभेन्थ-डे एडभेन्टिस्टहरूले जिकिर गर्दछन्।

## १. प्रकाशको पुस्तकः यस संसारमा परमेश्वरको अन्तिम योजना वा लक्ष्य

प्रकाशको पुस्तकको सुरुमा नै यो पुस्तक परमेश्वरको लक्ष्य वा योजनालाई केन्द्रित गरेको छ भनेर पाठकलाई बुझाउन कोशिश गरेको पाइन्छ।

**अन्तिम युगमा** परमेश्वरको लक्ष्यलाई प्रकाशको पुस्तकले खुलासा गरेको प्रमाण हामी कुन कुन तरिकाहरूले हेर्न सक्छौं? हेर्नुहोस्, प्रकाश १:१-७ "येशू ख्रीष्टको प्रकाश, जो परमेश्वरले चाँड़ै हुन आउने कुराहरू आफ्ना सेवकहरूलाई देखाउन उहाँलाई दिनुभयो। उहाँले आफ्नो दूत पठाउनुभएर यो कुरा आफ्नो सेवक यूहन्नालाई प्रकट गरिदिनुभयो। यूहन्नाले देखेका सबै कुराहरूको, अर्थात् परमेश्वरको वचन र येशू ख्रीष्टको साक्षीको गवाही दिए। त्यो धन्य हो, जसले अगमवाणीका यी वचनहरू उच्च स्वरले पाठ गर्दछ, र धन्य हुन् तिनीहरू, जसले सुन्दछन् र त्यहाँ लेखिएका कुरा पालन गर्दछन्, किनकि समय नजिक छ।

यूहन्नाबाट एशियामा भएका सात वटा मण्डलीहरूलाईः उहाँबाट तिमीहरूलाई अनुग्रह र शान्ति, जो हुनुहुन्छ, जो हुनुहुन्थ्यो, जो आउनुहुनेछ, र उहाँको सिंहासन अगि रहनुहुने सात आत्माबाट, विश्वासयोग्य साक्षी येशू ख्रीष्टदेखि, मृतकबाट प्रथम जीवित हुनुभएको, तथा पृथ्वीका राजाहरूका शासकको तर्फबाट। हामीलाई प्रेम गर्नुहुने र आफ्नो रगतले हामीलाई हाम्रा पापबाट स्वतन्त्र पार्नुहुनेलाई, हामीलाई एउटा राज्य, उहाँका पिता र परमेश्वरका पूजाहारीहरू तुल्याउनुहुने, उहाँलाई महिमा र पराक्रम सदासर्वदा होस्। आमेन। हेर, उहाँ बादलहरूसाथ आउँदैहुनुहुन्छ, र हरेक आँखाले उहाँलाई देख्नेछ। तिनीहरूले पनि, जसले उहाँलाई घोचे, र पृथ्वीका सबै कुलहरूले उहाँको कारण विलाप गर्नेछन्। यसै होस्। आमेन।"

प्रकाशको पुस्तकको पहिलो अध्यायका पहिला केही पदहरूले येशू नै प्रकाशको पुस्तकको स्रोत र केन्द्रबिन्दु हुनुहुन्छ भनेर देखाउँदछ। मानव प्राणीलाई मुक्ति दिन त्रीएक परमेश्वर एक भएर काम गरिरहनुभएको छ भन्ने आभास् प्रकाश १:४-५ले दिन्छ। पिता अनन्तको हुनुहुन्छ जो थिए, हुनुहुन्छ, र आउने हुनुहुन्छ। प्रथम् शताव्दीमा प्रभावकारी रूपमा सक्रिय हुने पवित्र आत्मालाई नाउँ किटेर नै सम्बोधन गरिएको छ। अनि यूहन्नाले येशू ख्रीष्टको गरिमामय प्रतिष्ठालाई यसरी वर्णन गर्दछन्: विश्वास योग्य साझी, मृतकबाट पहिलो जीवित र कानुनीरूपमा यस पृथ्वी ग्रहको स्वामी। सैतानले यस पृथ्वीमा उनको राज्य स्थापना गर्न प्रयास गरेको थियो, तर त्यो भ्रष्ट भएको छ। सैतानमाथि परमेश्वरको विजय भएपछि हाम्रो दोष, पाप र लज्जालाई पखाल्न सृष्टिकर्ता आफैले रगत बगाउनुभएको थियो।

**मुक्ति पाएकाहरूलाई जुन किसिमले सम्बोधन देहायका पदहरूमा गरिएको छ त्यसको अर्थ के हो? हेर्नुहोस् "हामीलाई एउटा राज्य, उहाँका पिता र परमेश्वरका पूजाहारीहरू तुल्याउनुहुने, उहाँलाई महिमा र पराक्रम सदासर्वदा होस्। आमेन। प्रकाश १:६ र "तर तिमीहरू त चुनिएका वंश, राजकीय पूजाहारीगिरी, पवित्र जाति, परमेश्वरका निजी प्रजा हौ। उहाँले तिमीहरूलाई अन्धकारदेखि उहाँका उदेकको ज्योतिमा ल्याउनुभयो, ताकि तिमीहरू उहाँका आश्चर्यपूर्ण कार्यहरूको घोषणा गर्न सक।" १ पत्रुस २:९।**

परमेश्वरको लक्ष्य अन्त्य हुन लाग्यो भनेर मानिसहरूलाई सुरक्षीत ठाउँमा घिसारेर लाने होइन। परमेश्वरको मुक्तिले मानिसलाई नयाँ र

सम्माननीय स्थितिमा राख्नु हो। मानिस परमेश्वरको स्वरूप भएकोले हामीमा हुनुपर्ने उहाँको स्वरूपलाई पुनर्स्थापना गर्ने हो। मुक्ति पाएकाहरू राजकीय खान्दान हुन्छन् किनभने जगतको परमेश्वर येशूको रगतद्वारा हामी एउटै रगतका सन्तान हुन पुगेका छौं। अब हामी राजकीय परिवारका सदस्यहरू भएकोले अरू मानिसहरूले पनि मुक्ति पाउन् भन्ने लक्ष्य लिएर परमेश्वरको लक्ष्य वा मिसनमा समावेश हुन्छौं। यसले गर्दा हामी पुजारीहरू हुन सक्छौं! हामी परमेश्वर र उद्धार नपाएका मानिसहरूको वीचमा पुजारी भएर खडा हुन्छौं। ख्रीष्टले चर्चलाई उहाँको राज्य भनेर राज्यको संरचना खडा गर्नुभएको छ र यसको प्रत्येक सदस्य पुजारी हो। परमेश्वरको राज्यको सदस्य हुनुभनेको पुजारी हुनु हो।

प्रकाश १:७ मा हामीले सुनाउनुपर्ने मिसन वा लक्ष्यको अत्यावश्यकता उल्लेख गरिएको छ। येशू आउँदै हुनुहुन्छ। उहाँलाई विश्वास नगरेकोले राष्ट्र राष्ट्रका मानिसहरू बिलाप गर्नेछन्। उहाँबाट टाढिएकाहरू उहाँतिर आउन् भन्ने परमेश्वरको हार्दिक कामना छ। त्यसकारण, मानव प्राणीको निम्ति लक्ष्य वा मिसन बोकेर प्रकाशको पुस्तक सुरु **गरिन्छ**।

***हामी केवल परमेश्वरले सृष्टिमात्र गर्नुभएन हामीलाई उहाँले मुक्ति पनि दिनुभएको छ। त्यो मुक्तिको निम्ति परमेश्वरले अनमोल मोल तिर्नुभएको थियो। हाम्रो वर्तमान परिस्थिति जे भएतापनि त्यस महान् सत्यले हामीलाई किन आशा प्रदान गर्दछ?***

## २. तीन स्वर्गदूतका सन्देशहरू र मिसन वा लक्ष्य

ख्रीष्ट र सैतानको बीचमा भइरहेको महानसंग्रामको अत्यन्तै प्रभावकारी चित्रण सायद अत्यन्तै नाटकिय ढँगमा प्रकाश १२:१२मा गरिएको छः "यसकारण हे स्वर्गमा रहनेहरू, तिमीहरू रमाओ। तर पृथ्वी र समुद्रलाई धिक्कार छ! किनभने आफ्नो समय अल्प छ भनी थाहा पाएर दियाबलस ठूलो क्रोधसाथ तिमीहरूकहाँ तल आएको छ।" कतिपय इसाईहरूले यस महासंग्रामको बारे चुपचाप लागेको बुझ्न गाऱ्हो छ। यस विषयलाई पन्छाएर अरु विषयहरूमात्र इसाईहरूले किन ध्यान दिएको होला? यो विषय अन्तिम दिनको निर्णायक घट्ना हो।

प्रकाश १४:६-१२मा के चित्रण गरिएको छ सो पढ्नुहोस्। यहाँ गरिएको चित्रणमा हाम्रो लक्ष्य र सन्देश के हो भनेर बताउँछ? हेर्नुहोस् "अनि

अर्को स्वर्गदूतलाई मध्य आकाशमा उड़िरहेका मैले देखें। पृथ्वीमा रहने हरेक जाति, कुल, भाषा र मानिसलाई घोषणा गर्ने अनन्त सुसमाचार तिनीसँग थियो। तिनले चर्को सोरमा भने, "परमेश्वरसँग डराओ, र उहाँलाई महिमा देओ। किनकि उहाँका इन्साफको घड़ी आएको छ। स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर।" अनि एउटा अर्को स्वर्गदूत, अर्थात् दोस्राचाहिँ यसो भन्दै पछिपछि लागे, "पतन भयो! जाति-जातिलाई आफ्नो व्यभिचारका क्रोधको मद्य पिउन लाउने महान् बेबिलोनको पतन भयो।" त्यसपछि तेस्रा स्वर्गदूत चर्को सोरले यसो भन्दै तिनीहरूका पछि आए, "यदि कुनै मानिसले त्यो पशु र त्यसको मूर्तिलाई पुज्यो र निधार वा हातमा त्यसको छाप लियो भने, त्यसले पनि उहाँका क्रोधको कचौरामा केही नमिसाई तयार गरिएको परमेश्वरका क्रोधको कड़ा मद्य पिउनेछ, र पवित्र स्वर्गदूतहरू र थुमाको सामुन्ने आगो र गन्धकमा त्यसलाई यातना दिइनेछ। तिनीहरूका यातनाको धूवाँ सदासर्वदा मास्तिर गइरहनेछ। तिनीहरू यी नै हुन् जसले त्यो पशु र त्यसको मूर्तिलाई पूजा गर्छन्, र त्यसका नाउँको छाप लिन्छन्। तिनीहरूले दिनरात कहिल्यै पनि आराम पाउनेछैनन्।" परमेश्वरका आज्ञाहरू पालन गर्ने र येशूमाथि विश्वास राख्ने सन्तहरूको धैर्य धारण यसैमा छ।"

मिसन वा लक्ष्यको केन्द्रबिन्दु नै परमेश्वरको लक्ष्य वा मिसन हो। यस मिसनमा परमेश्वरको सन्देश छः सुसमाचारको सन्देश। यो सन्देश नै वास्तविकरूपमा हाम्रो मिसन वा लक्ष्य हो। यस संसारमा के हुन गइरहेकोछ सबैलाई सजग गराउन आवश्यक छ। प्रत्येक मानिसले निर्णय गर्न वाध्य छः अनन्त वा अमर जीवन वा अनन्त मृत्यु।

**"जो मेरो पक्षमा छैन, त्यो मेरो विरुद्धमा हुन्छ, र जसले मसँग बटुल्दैन, त्यसले छरपष्ट पार्दछ।"लूका ११:२३। हाम्रो मिसनसँग सिधै सरोकार भएको वचन येशूले यहाँ के भनिरहनुभएको छ?**

**प्रकाश** १४ मा उल्लेखित तीन स्वर्गदुतहरूको सन्देशहरू संसारमा सुनाउन हामी सेभेन्थ-डे एडभेन्टिस्टलाई जिम्मा दिएको छ। त्यस सन्देशको आधारभूत सन्देशहरू नै अनन्तको सुसमाचार र सृष्टिकर्ता परमेश्वरको आराधना गर वा उहाँलाई प्रणाम गर हो। ती दुई सन्देशहरूले नै सन्तहरू सजिएको हुन्छः"परमेश्वरका आज्ञाहरू पालन गर्ने र येशूमाथि विश्वास राख्ने वा येशूमा भएको विश्वास राख्ने सन्तहरूको धैर्य धारण यसैमा छ।" प्रकाश १४:१२।

हामीले जे असल काम गरेतापनि हामीलाई विशेष सन्देश सुनाउने अभिभारा दिएको छ भन्ने लक्ष्यबाट हामी कहिल्यै पनि बिचलित हुनुहुन्न। अनन्तको सुसमाचार सुनाउने र एक दिन संसारमा के हुने हो त्यो चेतावनी हामीले दिनैपर्छ।

*"जो मेरो पक्षमा छैन त्यो मेरो विरुद्धमा छ" भन्ने येशूको वचनलाई हामीले कसरी बुझ्ने? ती शब्दहरूले हाम्रो हृदय जाँच्न कसरी आह्वान गर्दछ?*

## ३. अन्तिम सङ्कट

येशूले उहाँका चेला र हामीहरूलाई यो आदेश दिनुभएको छः "यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ। हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरूका साथमा छु। आमेन।" मत्ती २८:१९-२०। यो महान् आदेश हो। यसमा तीन स्वर्गदूतहरूका सन्देश समावेश भएको छ भने पनि हुन्छ किनकि त्यसमा पनि प्रत्येक राष्ट्र, जाति, भाषा र मानिसहरूलाई सन्देश सुनाउ भनेर लेखिएको छ। प्रकाश १४:६। यो नै महान् आदेशमा व्यक्त गरिएको समय सापेक्षित वा वर्तमान सत्य हो। २ पत्रुस १:१२।

**विभिन्न समूहका मानिसहरूप्रति परमेश्वरको सरोकार किन छ? हेर्नुहोस् "प्रिय हो, हामी एउटाले अर्कोलाई प्रेम गरौं, किनभने प्रेम परमेश्वरबाट आउँछ। जसले प्रेम गर्छ त्यो परमेश्वरबाट जन्मेको हो, र परमेश्वरलाई चिन्छ। प्रेम नगर्नेले परमेश्वरलाई चिन्दैन, किनभने परमेश्वर प्रेम हुनुहुन्छ। परमेश्वरको प्रेम हाम्रा माझमा यसरी प्रकट भयो, कि उहाँले आफ्ना एकमात्र पुत्र संसारमा पठाउनुभयो, ताकि पुत्रद्वारा हामी जिउन सकौं। प्रेम यसैमा छ, कि हामीले परमेश्वरलाई प्रेम गरेका होइनौं, तर उहाँले हामीलाई प्रेम गर्नुभयो, र हाम्रा पापको प्रायश्चित हुनका निम्ति आफ्ना पुत्र पठाउनुभयो। प्रिय हो, यदि परमेश्वरले हामीलाई यसरी प्रेम गर्नुभएको हो भने, हामीले पनि एउटाले अर्कोलाई प्रेम गर्नुपर्छ। परमेश्वरलाई कसैले कहिल्यै देखेको छैन। यदि हामीले एउटाले अर्कोलाई प्रेम गऱ्यौं भने परमेश्वर हामीमा रहनुहुन्छ, र उहाँको प्रेम हामीमा सिद्ध भएको हुन्छ।" १ यूहन्ना ४:५-१२; "तर प्रिय हो, यो एउटा कुरा**

नभुल, कि प्रभुको निम्ति एक दिन हजार वर्षझैं र हजार वर्ष एक दिनझैं हुन्छ। आफ्नो प्रतिज्ञाको बारेमा प्रभु ढिलो गर्नुहुन्छ भन्ने कसै-कसैको भनाइ भए तापनि उहाँ ढिलो गर्नुहुन्न, तर कोही पनि नष्ट नहोस्, तर सबै जनाले पश्चात्ताप गरून् भन्ने इच्छा गरेर प्रभु तिमीहरूप्रति धैर्यवान् हुनुहुन्छ।"२ पत्रुस ३:९; "सबै मानिसहरूले मुक्ति पाऊन् र तिनीहरू सत्यको ज्ञानमा आऊन् भन्ने इच्छा उहाँ गर्नुहुन्छ। किनकि परमेश्वर एउटै हुनुहुन्छ, परमेश्वर र मानिसहरूका बीचमा मध्यस्थ पनि एउटै हुनुहुन्छ- मानिस, ख्रीष्ट येशू। उहाँले सबैका छुटकाराका मोलको निम्ति आफैलाई सुम्पिदिनुभयो, जुन कुराको गवाही ठीक समयमा दिइयो। यसको खातिर म प्रचारक र प्रेरित नियुक्त भएँ, र विश्वास र सत्यतामा अन्यजातिहरूका निम्ति चाहिँ शिक्षक। म साँचो भन्दछु, म ढाँटदिन।"१ तिमोथी २:४-७ र "परमप्रभुले अब्रामलाई भन्नुभयो, "तिम्रो देश र तिम्रा कुटुम्ब तथा तिम्रा पिताका घरबाट निस्केर जुन देश म तिमीलाई देखाउँछु त्यहाँ जाउ। "म तिमीबाट एउटा ठूलो जाति खड़ा गर्नेछु, तिमीलाई आशिष् दिनेछु। म तिम्रो नाउँ प्रसिद्ध गराउनेछु, र तिमी आशिष्को मूल हुनेछौ। तिमीलाई आशिष् दिनेहरूलाई म आशिष् दिनेछु, र तिमीलाई सराप दिनेहरूलाई सराप दिनेछु। तिमीद्वारा नै पृथ्वीका सबै कुलले आशिष् पाउनेछन्।" उत्पत्ति १२:१-३।

ख्रीष्टको प्रेम समस्त मानव प्राणीको निम्ति हो। उहाँले कुनै वर्ग र समूहलाई अलग गर्नुहुन्न। कतिपय इसाईहरूले केवल भाग्यमा लेखेकाहरुका निम्तिमात्र मर्नुभएको हो भनेर सिकाउँदछन् तर त्यसको विपरित बाइबलले सिकाउँदछ कि येशू समस्त मानव प्राणीको निम्ति मर्नुभएको हो। उहाँले धर्म, जाति, वर्ण, रङ्ग, स्त्री, पुरुष र राष्ट्रियता आदिको नाउँमा कसैको पनि भेद राख्नुहुन्न। तपाईंको निम्ति उहाँको मृत्युलाई कसरी जवाफ दिनुहुन्छ, त्यसको आत्मनिर्णयको अधिकार तपाईलाई नै सुम्पिएको छ।

जब येशू फर्किनुहुन्छ तब त्यसबेला केवल दुई समूहमात्र हुनेछन्: प्रकाश १३ र १७ अनुसार सैतानको मातहतमा रहेका विभिन्न धार्मिक, सामाजिक, र राजनैतिक खेमामा रहने मानिसहरू र जो येशूलाई पूर्ण समर्पित जीवन बिताएर परमेश्वरका आज्ञाहरू पालन गर्दछन्। प्रकाश १४:१२।

सृष्टिको सुरुदेखि नै परमेश्वरको अस्तित्वको बारेमा मानिसको सामु कुनै न कुनै रूपमा प्रमाणित गरेर देखाउनुभएको छ। उहाँका धार्मिक नीतिहरू र प्रेमको बारेमा मानिसलाई प्रकट भएको छ। रोमी १:१८-२१। त्यसकारण,

युगको सुरुदेखि अन्तसम्म मानिसहरू परमेश्वरले दिनुभएको विवेक अनुसार उहाँसँग मिलेर बाँचिरहेको छ कि छैन भन्ने आधारमा न्याय गरिनेछ। तिनीहरूलाई तिनीहरूले कति बुझेको छ वा छैन भन्ने आधारमा होइन तर आफ्नो विवेकको अगुवाइमा चलेको छ कि छैन त्यसको आधारमा न्याय गरिनेछ। रोमी २:११-१६।

तर समयको अन्तमा आत्मनिर्णय वा विवेकको स्वतन्त्रतालाई भन्दा राजनैतिक, धार्मिक, सामाजिक र आर्थिक अधिकारलाई मान्नुपर्ने हुनेछ। सैतानको पक्षमा उभिन मानिसहरूलाई वाध्य गराउन खोज्नेछ। त्यसकारण, सुसमाचार फैलाउनु अत्यावश्यक छ र सैतानको रणनीतिहरूको भन्दाफोर गर्नुपर्ने गम्भिर सन्देश जनसमक्ष पुऱ्याउनु आवश्यक छ। यो नै तीन स्वर्गदूतहरूका सन्देशहरू हुन् र हाम्रो लक्ष्य वा मिसन हो।

***तपाईको निम्ति येशू मर्नुभयो भन्ने धारणालाई सोच्नुहोस्। तपाईंले जे गर्नुभएतापनि वा तपाईं जतिसुकै खराब भएतापनि क्रूसमा येशूको मृत्युको विकल्पबाट तपाईंले मुक्ति पाउन पर्याप्त छैन। यो सोच्नुहोस्।***

## ४. लक्ष्यमा हिंडेको वा मिसनको सफलता

परमेश्वरको इज्जत राख्न, उहाँको लक्ष्य अनुसार चल्न, उहाँको महिमा गर्न र सबै मानिसहरूलाई उहाँकहाँ आकर्षित गर्न वा उहाँप्रति लालायीत गर्ने लक्ष्य वा मिसन बोकेका हामी सेभेन्थ-डे एडभेन्टिस्टहरूको सफलता के हो र? मत्तीमा उल्लेखित महान् आदेशलाई स्पष्टरूमा नबुझी अरू मानिसहरूलाई कन्भर्ट गर्न वा तिनीहरूको धर्म परिवर्तन जोशले गर्न हिंडेका लोकका इसाई वा लोकप्रिय इसाईहरूको उद्देश्य हाम्रो हो त? मानिसहरूलाई पानीमा चोपलेर वा बप्तिस्मा दिएर तिनीहरूलाई क्रिश्चियन बनाएँ भनेर गौरब बोक्ने पास्टरहरूको बिल्ला हामीले पनि लगाउनको लागि हो त? वा ठूला ठूला चर्चहरू भवनहरुको निर्माण गरेर हाम्रो चर्च सत्य चर्च हो भनेर फूर्ति देखाउँदै विश्वासीहरूको जनसंख्या बढाउने हाम्रो लक्ष्य हो त? प्रतिस्पर्धा गर्न विभिन्न संरचनाद्वारा मानिसहरूलाई हाम्रो चर्चितर तान्दा के हामी सफद्य भयौं भनेर हुँकार गर्न सक्छौ र? हामीले विभिन्न संचार माध्यम जस्तै, इन्टरनेट, टेलिभिजन, रेडियो आदि प्रयोग गरेर द्रुतगतिमा यस संसारमा रहेका प्रत्येक जाति र मानिसकहाँ पुग्न सक्नु नै के हाम्रो सफलता हो त? हो, सुसमाचार सुनाउन ती सबै थोक प्रयोग गर्नपर्छ जुन असल हो, तर हामीले कोरन्थीमा

रहेका विश्वासी समूदायलाई पावलले सम्बोधन गरेको वचन याद गर्नु जरुरी छः "भाइ हो, तिमीहरूसँग बोल्दा आत्मिक जनहरूसँग बोलेजस्तै म बोल्न सकिनँ, तर सांसारिक मानिस, ख्रीष्टमा दूधे बालकसँग बोलेजस्तै म बोल्न सकें। मैले तिमीहरूलाई दूध खुवाएँ, खँदिलो पदार्थ होइन, किनकि तिमीहरू त्यसको निम्ति तयार थिएनौ, अनि अझ पनि छैनौ। तिमीहरू अझै सांसारिक नै छौ। किनकि जब तिमीहरूका बीचमा डाह र कलह छ, त के तिमीहरू सांसारिक चालमा चल्ने साधारण मानिसजस्ता भएनौ र? किनकि एउटाले "पावलको" र अर्काले "मचाहिँ अपोल्लोसको" भन्छ भने, सांसारिक मानिसजस्ता भएनौ र?

अपोल्लोस के हो? पावल के हो? प्रभुले हरेकलाई खटाउनुभएअनुसार सेवकहरू मात्र हुन्, जसद्वारा तिमीहरूले विश्वास गर्‍यौ। मैले रोपें, अपोल्लोसले पानी हाले, तर परमेश्वरले नै बढाउनुभयो। यसकारण रोप्ने केही होइन, न पानी हाल्ने केही हो, तर परमेश्वर मात्र, जसले वृद्धि दिनुहुन्छ। रोप्ने र पानी हाल्ने एकै समान हुन्। हरेकले आफ्ना-आफ्नै मेहनतअनुसार आफ्नो ज्याला पाउनेछ। किनकि हामी परमेश्वरका सहकर्मी हौं, तिमीहरूचाहिँ परमेश्वरका खेत हौ, परमेश्वरका भवन हौ।" १ कोरन्थी ३:१-९। अर्को शब्दहरूमा बोल्ने हो भने हाम्रो फोकस वा कामको केन्द्रबिन्दु प्रक्रियामा हुनुपर्छ भने परमेश्वरको केन्द्रबिन्दु वृद्धि वा मानिसहरूलाई उहाँतिर तान्नु हो।

यस संसारमा परमेश्वरबाट टाढा रहेका प्रत्येक जाति, कुल, भाषाका मानिसहरूलाई मुक्ति दिनु उहाँको लक्ष्य हो भनेर हामीले पढ्यौं। तिनीहरुलाई येशूको बफादारी अनुयायी वा भक्तहरू बनाएर तिनीहरूलाई उहाँको लक्ष्यमा समावेश गर्नु उहाँकै अभिप्राय हो भनेर पनि हामीले नियाल्यौं। **देहायका पदहरू पढ्नुहोस्। जब कोही म क्रिश्चियन हुँ र येशूको चेला हुँ भनेर कसैले दावी गर्न आँट छ भने उसको चरित्र, लक्ष्य, व्यवहार र मिजास कस्तो हुनैपर्छ भनेर देहायका पदहरूले हामीलाई कसरी सिकाउँछ, नत्र त्यो दावी केवल खोक्रो दावी भएको प्रमाण भइरहेको हुन्छ। हेर्नुहोस्, " ईश्वरीय डाहले म तिमीहरूप्रति डाही भएको छु। एउटै पतिकी पवित्र दुलहीको रूपमा तिमीहरूलाई प्रस्तुत गर्न मैले ख्रीष्टसँग तिमीहरूको मगनी गरिदिएँ।" २ कोरन्थी ११:२; "तिमीहरू दाहिने अथवा देब्रे लाग्दा तिमीहरूका कानले तिमीहरूका पछिल्तिर यसो भन्ने आवाज सुन्नेछौ, "बाटो यही हो, यसैमा हिँड़।" तब खोपेर चाँदीले मोहोरिएका तिमीहरूका देवताहरू र सुनका तिमीहरूका मूर्तिहरू तिमीहरूले दूषित तुल्याउनेछौ।**

तिमीहरूले तिनलाई महिनावारीको अशुद्ध कपड़ाझैं फालिदिनेछौ, र तिनलाई यसो भन्नेछौ, "पर जाओ!" यशैया ३०:२१, २२; " "मेरा भेड़ाहरूले मेरो सोर सुन्छन्, र तिनीहरूलाई म चिन्छु, र तिनीहरू मेरो पछि आउँछन्।" यूहन्ना १०:२७; "मैले तिमीहरूलाई भन्ने कुरा अझ धेरै छन्, तर अहिले तिमीहरू ती कुरा सहन सक्दैनौ। जब उहाँ, अर्थात् सत्यका आत्मा आउनुहुनेछ, तब उहाँले तिमीहरूलाई सबै सत्यतामा डोऱ्याउनुहुनेछ। उहाँ आफ्नो तर्फबाट बोल्नुहुनेछैन। उहाँले जे सुन्नुहुन्छ, त्यही बोल्नुहुनेछ, र हुन आउने कुराहरू तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ। उहाँले मेरो महिमा गर्नुहुनेछ, किनभने जे मेरो हो, त्यो मबाट लिएर तिमीहरूलाई सो घोषणा गरिदिनुहुनेछ। जे-जति पितासँग छन्, ती मेरा हुन्। यसैकारण मैले भनें, जे मेरो हो त्यो मबाट लिएर आत्माले तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ।"यूहन्ना १६:१२-१५; "के तिमीहरूलाई याद छैन, म तिमीहरूसँग छँदा नै मैले यी कुराहरू तिमीहरूलाई भनेको थिएँ? त्यो आफ्नो समयमा प्रकट होस् भन्ने हेतुले कुन कुराले त्यसलाई अहिलेसम्म रोकिराखेको छ, यो तिमीहरू जान्दछौ। किनकि अधर्मको रहस्यले अघिबाटै काम गरिरहेछ। अहिलेसम्म जसले त्यसलाई रोकिराख्नुभएको छ, उहाँ नहटुञ्जेल त्यसलाई रोकी नै राख्नुहुनेछ। तब त्यस पापको मानिस प्रकट हुनेछ, जसलाई प्रभु येशूले आफ्नो मुखको सासले नाश पार्नुहुनेछ, र उहाँका आगमनको प्रकाशले त्यसलाई नाश गर्नुहुनेछ। शैतानको कामकाजबमोजिम पापको मानिस सारा शक्ति र छलपूर्ण चिन्हहरू र चमत्कारसहित, र नाश हुनेहरूलाई छलमा पार्ने समस्त दुष्टतासहित आउनेछ, किनकि तिनीहरूले सत्यलाई प्रेम गर्न र त्यसरी बाँच्न इन्कार गरे। यसैकारण तिनीहरूले झूटा कुरामा विश्वास गरून् भनेर परमेश्वरले तिनीहरूमाथि एक शक्तिशाली भ्रम पठाउनुहुन्छ, ताकि सत्यमाथि विश्वास नगर्ने, तर अधार्मिकतामा आनन्द मनाउने सबै जना दोषी ठहरिऊन्।" २ थेस्सोलिनिकी २:५-१२; "भाइ हो, होश गर, तिमीहरूमध्ये कसैमा भएको दुष्ट र अविश्वासी हृदयले तिमीहरूलाई जीवित परमेश्वरबाट टाढ़ा नलैजाओस्। जबसम्म "आजको दिन" भन्ने कुरा छ, तबसम्म एउटाले अर्कालाई अर्ती देओ, र पापको छलछामले तिमीहरू कसैको हृदय कठोर नहोस्। यदि हामीले हाम्रो सुरुको भरोसालाई अन्त्यसम्मै दृढ़तासाथ थामिराख्यौं भने, हामी ख्रीष्टका सहभागी भएका छौ।" हिब्रू ३:१२-१४; " यदि हामीमा पाप छैन भनी हामी भन्छौं भनेता हामीले आफैलाई

धोका दिन्छौं, र हामीमा सत्य हुँदैन। दैन। यदि हामीले आफ्ना पापहरू स्वीकार गऱ्यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ, र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ, किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ। यदि हामीले पाप गरेका छैनौं भनी हामी भन्छौं भने हामी उहाँलाई झूटा तुल्याउँछौं, र उहाँको वचन हामीमा हुँदैन। "१ यूहन्ना १:८-९; "धर्म-गुरुहरूमध्ये एउटाले मलाई सोधे, "यी सेता पोशाक लाउनेहरू को हुन्, र कहाँबाट आएका हुन्?" अनि मैले तिनलाई भने, "हजूर, तपाईं नै जान्नुहुन्छ।" तिनले मलाई भने, "यिनीहरू ती नै हुन्, जुनहरू महासङ्कष्टबाट आएका हुन्, र तिनीहरूले आफ्ना-आफ्ना पोशाकहरू थुमाको रगतमा धोएर सेता बनाएका छन्।" प्रकाश ७:१३-१४ र "तब सिंहासनबाट यसो भनिरहेको एउटा आवाज आयो, "हाम्रा परमेश्वरको प्रशंसा गर, उहाँका सबै दास हो, तिमीहरू साना र ठूला जसले उहाँको भय मान्दछौ।" त्यसपछि एउटा ठूलो भीड़को सोरजस्तो मैले सुनें, उलंर्दो पानीहरूको आवाज र धेरै शक्तिशाली मेघ गर्जनको आवाजजस्तो मैले सुनें, जसले यसो भनिरहेको थियोः "हल्लेलूयाह! किनकि परमप्रभु हाम्रा परमेश्वर सर्वशक्तिमान्ले राज्य गर्नुहुन्छ। हामी रमाऔं र अत्यन्त खुशी होऔं, र उहाँलाई महिमा दिऔं! किनकि थुमाका विवाहको दिन आएको छ, र उहाँकी दुलही स्वयम् तयार भएकी छिन्। चहकिलो र स्वच्छ मलमलको वस्त्र पहिरन तिनलाई दिइयो।" चहकिलो मलमलको वस्त्र सन्तहरूका धार्मिक कार्य हुन्। अनि ती स्वर्गदूतले मलाई भने, "यो लेख, थुमाका विवाहको भोजमा निमन्त्रणा पाउनेहरू धन्यका हुन्।" तिनले फेरि मलाई भने, "परमेश्वरका सत्य वचनहरू यी नै हुन्।" अनि तिनलाई दण्डवत् गर्न म तिनको पाउमा घोप्टो परें। तर तिनले मलाई भने, "तिमीले मलाई यसो गर्नुहुँदैन। म येशूको गवाही कायम राख्ने तिम्रा भाइहरूको र तिम्रो सङ्गी-दास मात्र हुँ। परमेश्वरलाई दण्डवत् गर! किनकि येशूको गवाही अगमवाणीको आत्मा हो।" प्रकश १९:८।

येशूका चेलाहरू शुद्ध र खोतरिहत थिए। तिनीहरू शुद्ध र निर्मल येशूरूपि दुलाहासँग विवाह गर्न मग्नी (बप्तिस्मा)पछि बफादार रहेका थिए। तिनीहरू उहाँको पछिपछि लागेका थिए। पवित्र आत्माको सुरिलो आवाजको अगुवाइमा तिनीहरू चलेका थिए। यदि हामी त्यस प्रवृत्तिमा चल्न सक्यौं भने हामी पनि उहाँको लक्ष्यमा समावेश हुन सक्छौं र अरूहरूको निम्ति मिशिनेरी

भएर सेवा गर्न तत्पर हुनेछौं। येशूका ती चेलाहरूमा कुनै धोखाबाजी र एक आपसमा गेम खेल्दैने। तिनीहरू एक आपसमा विश्वास गरेर चल्दथे, येशूप्रतिको आस्थामा तिनीहरू अडिग थिए। तिनीहरूभन्दा जान्ने र धेरै पढेलेखेका तथा लोकप्रिय धर्मगुरु वा शिक्षकहरुको गलत शिक्षामा तिनीहरू बहकिएका थिएनन्। तिनीहरू नैतिकवान थिए र परमेश्वरका आज्ञाहरू अनुसार चलेकोले तिनीहरूमा कुनै अनैतिकता थिएन। आफूहरू येशूको पछि लागेकोले अरूहरूभन्दा उच्च, ठूलो वा धर्मात्मा भनेर देखाएका थिएन। आफूहरू शिद्ध नभएको वा दोष नभएको र सबै कुरा जान्ने भनेर तिनीहरूले दावी गर्दैनथे। अरूहरूलाई जस्तै तिनीहरूलाई पनि प्रभुको शुद्ध गर्ने अनुग्रह र दयाको आवश्यक भएको तिनीहरूले महसुस गरेका थिए। यी कुराहरूलाई मध्य नजरमा राखेर र बुझेर अरू विश्वासीहरूले तिनीहरूलाई सिकाए र सच्याए ती ग्रहण गर्न आफ्ना दिमागहरू खुला राखेका थिए। यदि यस खालको चेलापन हामीमा भइयो भने हाम्रो लक्ष्यले पनि सफलता मिल्नेछ।

***"एउटै पतिकी पवित्र दुलही (२ कोरन्थी ११:२) भनेर पावलले सम्बोधन गर्नुको अर्थ के हो? हामी पापी भएर परमेश्वर र येशूका पवित्र दुलही हुँदै अरूहरूलाई पनि पवित्र दुलही हुन कसरी औंल्याउने?***

## ५. लक्ष्य वा मिसन सम्पन्न

**देहायका पदहरूमा वर्णन गरिएको दृश्य के हो? हेर्नुहोस्: "तब मैले नयाँ आकाश र नयाँ पृथ्वी देखें, किनकि पहिलो आकाश र पहिलो पृथ्वी बितिगएका थिए। समुद्र त अब छँदैथिएन। अनि मैले परमेश्वरबाट दुलहाको निम्ति दुलही जस्तै गरी सिङ्गारिएर तयार पारिराखेकी, अर्थात् पवित्र सहर, नयाँ यरूशलेम स्वर्गबाट तलतिर झरिरहेको देखें। सिंहासनबाट यसो भन्ने एउटा चर्को सोर मैले सुनें, "हेर, परमेश्वरको वास मानिसहरूसँग भएको छ। उहाँ तिनीहरूसँग वास गर्नुहुनेछ, र तिनीहरू उहाँका प्रजा हुनेछन्, र परमेश्वर आफै तिनीहरूका परमेश्वर भएर तिनीहरूसँग रहनुहुनेछ। उहाँले तिनीहरूका आँखाको आँसु पूर्ण रूपले पुछिदिनुहुनेछ, र फेरि मृत्यु नै हुनेछैन, र शोक र पीडा पनि हुनेछैन। किनकि पहिलेका कुराहरू बितिसकेका छन्।" सिंहासनमा विराजमान हुनुहुनेले मलाई भन्नुभयो, "हेर, म सबै कुरा नयाँ तुल्याउँछु।" उहाँले यसो पनि भन्नुभयो, "यो लेख, यी कुराहरू भरपर्दा र सत्य छन्।" उहाँले मलाई भन्नुभयो,**

“अब सिद्धियो। म अल्फा र ओमेगा हुँ, आदि र अन्त्य म नै हुँ। तिर्खाउनेहरूलाई जीवनका पानीको फुहाराबाट म सित्तैंमा दिनेछु।" प्रकाश २१:१-६ र " मैले त्यस सहरमा कुनै मन्दिर देखिनँ, किनकि त्यहाँको मन्दिर स्वयम् परमेश्वर सर्वशक्तिमान् र थुमा नै हुनुहुन्छ। त्यो सहर उज्यालो गराउन सूर्य र चन्द्रमाको खाँचो छैन, किनभने परमेश्वरको महिमा नै त्यसको उज्यालो हो। त्यहाँको बत्तीचाहिँ थुमा आफै हुनुहुन्छ। त्यहाँकै उज्यालोमा जाति-जातिहरू हिँड्डुल गर्नेछन्। पृथ्वीका राजाहरूले आफ्ना वैभव त्यसमा ल्याउनेछन्। दिनमा त्यसका ढोकाहरू कुनै किसिमले बन्द हुनेछैनन्, र त्यहाँ रात नै हुनेछैन। तिनीहरूले जाति-जातिहरूका वैभव र सम्मान त्यसभित्र ल्याउनेछन्। तर थुमाका जीवनको पुस्तकमा नाउँ लेखिएकाहरूबाहेक कुनै अशुद्ध कुरा, घृणित काम गर्ने र झूट बोल्ने कुनै किसिमले पनि त्यसभित्र पस्नेछैन।तब तिनले मलाई स्फटिकजस्तै चहकिलो जीवनका पानीको नदी देखाए। त्यो नदी परमेश्वरको र थुमाको सिंहासनबाट निस्की त्यस सहरका सड़कको बीचबाट बगिरहेको थियो। त्यस नदीका किनारमा जीवनको वृक्ष थियो, जसले हरेक महिना बाह्रै किसिमका फलहरू दिइरहन्थ्यो। त्यसका पातहरूचाहिँ जाति-जातिहरूलाई निको पार्नका निम्ति थिए। अबदेखि उसो त्यहाँ कहिल्यै सराप हुनेछैन। परमेश्वर र थुमाको सिंहासन त्यहाँ हुनेछ, र उहाँका दासहरूले उहाँको आराधना गर्नेछन्। तिनीहरूले उहाँको मुहार देख्नेछन्, र उहाँको नाउँ तिनीहरूका निधारमा हुनेछ। त्यहाँ फेरि रात हुनेछैन, तिनीहरूलाई बत्ती वा घामको उज्यालो चाहिनेछैन, किनकि परमप्रभु परमेश्वर नै तिनीहरूको उज्यालो हुनुहुनेछ, र तिनीहरूले सदासर्वदै राज्य गर्नेछन्।" प्रकाश २१:२२;२२:५।

नयाँ पृथ्वी कस्तो रमणीय स्वर्गस्थान हुने होला! पाप र मृत्यु सदाको निम्ति बिलाउनेछ। सैतान र उसका दुष्ट फौज वा मतियारहरू सदाको निम्त नाश हुनेछन्। हाम्रा प्रिय मुक्तिदातालाई भेट्नेछौं र हामी हाम्रा प्रिय जनहरूसँग पुनर्मिलन हुनेछौं। नयाँ पृथ्वी प्रत्येक जाति र भाषाका मानिसहरूको प्रतिनिधित्वले भरिनेछ।

सेभेन्थ-डे एडभेन्टिस्टको उच्च निकाय जनरल कन्फरेन्स मिसन बोर्डले ग्लोबल मिसनको नीति बनाएको छ। विभिन्न समूहका मानिसहरूकहाँ कसरी पुग्ने भनेर त्यस नीतिले निर्धारण गर्दछ। त्यस नीतिमा पुग्न सक्ने र पुग्न नसक्ने मानिसहरूकहाँ कसरी पुग्ने भनेर उल्लेख गरेको छ। "पुग्न सक्ने वा पुगेका

समूह" भन्दा ती मानिसहरू छन् जोसँग प्रशस्त सदस्य र स्रोतहरू छन् जसले कसैको सहायताबिना प्रभावकारी रूपमा सुसमाचारीय काम गर्न सक्दछ। तिनीहरूमा आराधनाका सेवाहरु हुन्छ, प्रशस्ता बाइबल हुन्छ। तिनीहरूले बुझ्ने भाषामा इसाई साहित्य सामग्री हुन्छ र त्यस समूहमा आवश्यकमात्रामा चर्चका अगुवाहरू हुन्छन् जो प्रचार गर्न दोभाषेको प्रयोग गर्नु आवश्यकता हुँदैन।

"नपुग्ने मानिसहरूको समूह" भन्दा सुसमाचारीय काम गर्न आवश्यक स्थानीय एडेन्टिस्ट विश्वासी र अगुवाहरू हुँदैन र प्रभावकारीरूपमा सुसमाचरीय काम गर्न पर्याप्त मानिसहरू हुँदैन र स्रोत पनि हुँदैन। तिनीहरूलाई वाह्य सहयोगको आवश्कता पर्दछ।

प्रत्येक स्थानीय चर्च र चर्चका उच्च निकायले कुन समूहमा कसरी पुग्ने भन्ने निर्णय गर्नुपर्दछ। विभिन्न समूहका मानिसहरूलाई साथी बनाएर परमेश्वरको भक्त बनाउने उहाँकै लक्ष्य अनुसार काम गर्ने समय अहिले नै हो। येशूको सिघ्र आगमनको निम्ति हामी पनि तयार हौं र अरूहरूलाई पनि तयार पारौं। हामी विभिन्न भाषाभाषी, जाति, वर्ग, देश र विदेशका मानिसहरूसँग रमाउँदै नयाँ स्वर्ग र पृथ्वीमा बसोबास गर्ने लक्ष्य लिएर अघि बढौं। त्यस ठाउँमा हामी रहनेछौं भनेर प्रभुले प्रतिज्ञा गर्नुभएको छ।

**चुनौतीः** *येशूको आगमन कसरी छिटो गर्ने? सुसमाचार सुनाउने बिउ के तपाईंले रोपी रहनुभएको छ? नयाँ विश्वासीहरूलाई मलजल दिएर येशूको निम्ति बफादारी बनाउने भूमिका के तपाईंले खेलिरहनुभएको छ? तपाईंले दैनिक प्रार्थना गरेका मानिसहरूलाई नयाँ पृथ्वीका बारेमा सुनाउने अवसरको निम्ति प्रार्थना गर्नुहोस्।*

**चुनौतीको निरन्तरताः** *तपाईंका केही साथीहरू येशूलाई ग्रहण गर्न तयार होलान्। तिनीहरू चर्चमा सरिक हुन वा विश्वासीहरूको समूहमा भाग लिन पनि तयार होलान्। तपाईं आफै चर्चमा पहिलो पल्ट जाँदा कस्तो अनुभव भएको थियो सो याद गर्नुहोस्। नयाँ साथी चर्चमा आउँदा उसको अनुभव कस्तो होला? तपाईंको स्थानीय चर्चले नयाँ विश्वासीलाई स्वागत गर्न तयार गर्दै उसलाई सिकाउन के तयार हुनुहुन्छ? भएको चर्च होइन तर के तपाईं आफ्नै विश्वासीहरूको समूह खडा गर्न तयार हुनुभएको छ? चर्चका अगुवाहरूसँग मिलेर हातेमालो गर्दै परमेश्वरको लक्ष्यमा सरिक हुने रणनीति बनाउनुहोस्। जोरतोरले र जोशले चर्चका विश्वासी र अगुवाहरूसँग मिले परमेश्वरका नयाँ जनहरू खडा गर्न कतिवद्ध हुनुहोस्।*

**उपसंहार:**

**थप जानकारी:** "परमेश्वरको निगाहामा संसारलाई पूर्णरूपमा फर्काउने उहाँको महान् मुक्तिको योजना हो । पापले गुमाएका सबै थोकहरू पुनर्स्थापित हुनेछ । मानिसमात्र होइन, पृथ्वीको भौगोलिक बनावटको पुन पुनर्स्थापना हुनेछ वा उद्धार गरिनेछ। परमेश्वरको आज्ञा पालन गर्नेहरूको निम्ति त्यो ठाउँ बसोबासको निम्ति सृजना गरिनेछ । यस पृथ्वीलाई सैतानले आफ्नो बनाउन सैतानले छ हजार वर्षदेखि प्रयास गरिरहेको छ। जब येशू आउनुहुनेछ यस संसारको सृष्टिको सुरुवाटको लक्ष्य पूरा हुनेछ।" र सर्वोच्चका पवित्र जनहरूले यो राज्य पाउनेछन् र सदासर्वदाको लागि अधिकार गर्नेछन्– हो, सदासर्वदाको लागि'।" एलेन जी. ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेट्स*, पृ. ३४२।

तर त्यो हुनुभन्दा अघि हामीले एउटा वास्तविकतालाई ध्यान दिनुपर्दछ। परमेश्वरको लक्ष्यमा समावेश हुने हाम्रो कर्तव्यबाट हामी पन्छिनुहुन्न । मानिसहरूलाई चेतावनी दिने काममा परमेश्वरसँग सहभागी हुनैपर्छ। परमेश्वरले उपलब्ध गराउनुभएको मुक्तिको योजनमा सहभागी भएर उहाँले प्रतिज्ञा गर्नुभएको पुनसृष्टिमा रहने कि नरहने भन्ने निर्णय सबैले गर्न पाउनुपर्दछ।

"हाम्रो आस्था वा शिक्षादीक्षालाई थाहा नपाउनेहरूलाई सुनाउने धेरै कामदारहरू भएको म तिब्र चाहना गर्छु। तीन स्वर्गदूतहरूका सन्देश सुन्नेहरू धेरै ज्ञानको ज्योतिमा आएका छन्। तिनीहरूले संसारका सबै कुना काप्चाहरूमा तिनीहरूले सिकेका सन्देशहरू पुऱ्याउनुपर्दछ। मैले गर्नुपर्ने मेरो भाग म गर्न चाहन्छु। सत्यको ज्योति अरूहरूले पनि बोकोस् भन्ने सघाउन म चाहन्छु । परमेश्वरको निम्ति हातहतियार बोक्न हामीलाई उहाँले सहायता गरुन्। सेभेन्थ-डे एडभेन्टिस्ट हुँ भन्ने सबै एक भएर संसारलाई चेतावनी दिने अन्तिम गम्भीर सन्देश सुनाउनु पर्दछ ।" एलेन जी. ह्वाइट, *लेटरस्* ३९०, १९०७ ( प्रकाशित नगरिएको)।

परमेश्वरको लक्ष्यसँग सम्बधित विभिन्न विषयहरू यस अध्ययन पुस्तकमा हामीले हेऱ्यौँ। परमेश्वरसँग पुनर्स्थापित सम्बन्ध कस्तो रहनेरहेछ भनेर प्रकाशको पुस्तकबाट उतार्दै यस अध्यायलाई निश्कर्षमा ल्याएका छौँ। तर हाम्रो लक्ष्यको पराकाष्टा भनेकै यस पृथ्वीको पुन:सृष्टि र हामीलाई परमेश्वरको स्वरुपमा फेरि ढाल्नेमा पुऱ्याउनु हो। पाप, सैतान, र उसका दुष्ट मतियारहरूको नाश पृथ्वीको इतिहासमा अत्यन्तै त्रासमय हुनेछ। तर त्यसभन्दा पारी परमेश्वरले हामीलाई लग्नुभएर पुनसंरचना गरिने पृथ्वीको प्रतिज्ञा दिएर हामी सबैलाई उत्साह प्रदान गरिएको छ।

**चिन्तनमनः**

अ. अनन्तको सुसमाचार के हो? यो किन अनन्तको छ? हाम्रो लक्ष्य वा मिसनको जग नै त्यस अवधारणा किन आधारित हुनुपर्दछ?

आ. अरू इसाईहरूले नसिकाए वा वास्ता नगरेका तीन स्वर्गदूतहरूको सन्देश हामीलेमात्र किन जोर गर्दछौं? येशूलाई हेरे भइहाल्यो नी अरू शिक्षादीक्षा वा नकारात्मक चेतावनीका सन्देशहरूतिर किन ध्यान दिनुपर्छ र भनेर सिकाउने इसाईहरूलाई नै हामीले कसरी जवाफ दिने?

इ. हाम्रो लक्ष्य वा मिसन के हो भनेर के हो भनेर बुझाउन के यस अध्ययन पुस्तकले तपाईंलाई सहयोग गरेको छ? बप्तिस्मामा सपथ खाएर सुसमाचारको विस्तारमा चर्चसँग सहभागी हुने प्रतिबद्धतालाई तपाईंले कसरी निरन्तरता दिने?

**येशू प्रणाम।**

## कथा १३

## निमन्त्रणा दिनुको महत्त्व

**सुजाना**

**घाना**



पश्चिम अफ्रिकाको घाना देशको एउटा सार्वजनिक विश्वविद्यालयको चर्चमा सयौँ विद्यार्थीहरू कोचिएर बसेका थिए। त्यहाँ पास्टरले प्रवचन दिएका थिए। प्रवचनको कार्यक्रम सकेपछि पास्टरले चर्चमा सुनिरहेका विद्यार्थीहरूलाई एउटा आह्वान गरे। त्यस समय एडेभन्टिस्ट मिसनको कर्मचारी चर्चमा आएका थिए। येशूलाई आफ्नो हृदय कसरी सुम्पे भन्ने कसैको गवाही छ भने चर्चको कार्यक्रम पछि त्यस कर्मचारीलाई सुनाउन चर्चमै बसिरहनु भनेर उक्त पास्टरले स्रोताहरूलाई सुनाए। त्यहाँ धेरै जना विद्यार्थीहरू आफ्ना कथाहरू सुनाउन चर्चमा बसिरहे।

ती विद्यार्थीहरूमा एक जना २२ वर्षकी सुजाना नाउँ गरेकी विद्यार्थी थिइन्। विश्वविद्यालयमा एडभेन्टिस्ट साथीले गर्दा आफ्नो हृदय येशूलाई केही महिना अघि सुम्पेको खुशी भएर सुनाइन्। अनि अझ आफ्नो कथाको विवरण बताउन अनुरोध गर्दा आफ्नो खास कथा दुई वर्ष अघि सुरु भएको उनले सुनाइन्। त्यो कथा उनको गाउँमा नै दुई वर्ष अघि सुरु भएको थियो।

जब उनी छुट्टीमा आफ्नो घरमा थिइन् उनको भाउजुले उनलाई सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा आउन निमन्त्रणा गरेकी थिइन्। त्यसबेला चर्चमा बालसमर्पणको कार्यक्रम थियो। उनकी भाउजु जसको नाउँ कम्फोर्ट थियो, उनको परिवारमा केवल उनी मात्रै सेभेन्थ-डे एडभेन्टिस्ट थिइन्। उनको भर्खर जन्मेको राइचियस नाउँ गरेको बालकलाई परमेश्वरमा समर्पण गर्न चाहेकी थिइन्। सुजानाले एडभेन्टिस्ट चर्चमा कहिल्यै पनि गएकी थिइनन्। उनले आफ्नी भाउजुसँग जान मञ्जुर गरिन्। चर्चमा भएको कार्यक्रमले उनी प्रेरित भइन्। त्यहाँ गाउने गीत र सङ्गित उनलाई धेरै मन पर्‍यो। एडभेन्टिस्ट चर्चमा फेरि फर्किन चाहिन् तर भाउजुले उनलाई चर्चमा जान फेरि बोलाइनन्। तर विश्वविद्यालयमा एक जना लिडिया नाउँ गरेकी एडभेन्टिस्ट साथीसँग मित्रता गाँसिन्।

केही समयपछि लिडियाले सुजानालाई ३० जना एडभेन्टिस्ट विद्यार्थीहरूको प्रार्थना सभामा भाग लिन अनुरोध गरिन्। विद्यार्थीहरूले हृदय खोलेर भजन गाए र प्रार्थना गरे। एक जना विद्यार्थीले येशूको बारेमा प्रवचन दियो। सुजाना प्रार्थना सभा मनपराइन्। लिडियाले उनलाई फेरि प्रार्थना सभामा भाग लिन अनुरोध गरिन्। अनि समय बित्दै जाँदा सुजानाले नियमित रूपमा विद्यार्थीहरूसँग परमेश्वरको आराधना गर्न थालिन्।

एक दिन लिडियाले उनलाई भने, "हामी सुसमाचार सुनाउन जानेछौं, के तिमी पनि हामीसँग आउँछ्यौ?" सेमिस्टर परीक्षाको बिचमा हुने छोटो छुट्टीमा २० किलोमिटर रहेको सहरमा गएर ढोका ढोकामा जाने कार्यक्रम तिनीहरूले बनाएका थिए। त्यसबेला सार्वजनिक सुसमाचारीय कार्यक्रम त्यस सहरमा हुन गइरहेको थियो। विद्यार्थीहरूले सहरका मानिसहरूलाई त्यस कार्यक्रममा सरिक हुन निमन्त्रणा गर्ने योजना थियो। त्यस सुसमाचारीय कार्यक्रममा पास्टरले प्रचार गर्ने भएको थियो। सुजानाले आफू पनि जान सहमति जनाइन्। उनी २५ जना एडभेन्टिस्ट विद्यार्थीहरूको साथमा बिहान घर घरमा गएर सुसमाचारीय कार्यक्रममा भाग लिन मानिसहरूलाई निम्तो दिए। सुसमाचारीय कार्यक्रम बेलुकी भएको थियो। त्यस बेलुका ५० जनाभन्दा बढी मानिसहरू आएका थिए।

सुसमाचारको सुरुमा लिडियाले सुजानालाई बप्तिस्मा लिने कि भनेर सोधेकी थिइन्। "हुन्छ," भनेर उनले जवाफ दिएकी थिइन्।

जब प्रत्येक रात प्रचारकले प्रचार गरे तब सुजानाको हृदयमा बप्तिस्मा लिने इच्छा बढ्न थालेको थियो। जब प्रचारकले हप्ताको सातौं दिन साबथको बारेमा प्रवचन दिए तब त्यसप्रति सुजाना विशेष गरेर आकर्षित भएकी थिइन्। प्रचारकले बाइबल अनुसार प्रचार गरिरहेका उनले थाहा पाइन्। सङ्गित र गीतहरू उनलाई मन परेको थियो। आफू के गर्ने भनेर उनले सोचिसकेकी थिइन्। तर बप्तिस्माको निम्ति आह्वान गर्ला कि भनेर उनले आशा गरिन्।

सुसमाचारीय कार्यक्रमको अन्तमा लिडियाले उनलाई सोधिन्, "के तिमी बप्तिस्मा लिन चाहन्छौ?" आफू बप्तिस्मा लिने चाहना व्यक्त गरिन्। सुजानासाथै २० जनाले बप्तिस्मा लिएका थिए। जब सुजाना पानीबाट निस्के तब लिडिया खुशीको सिमा रहेको थिएन। उनले सुजानालाई न्यानो अङ्कमाल गरिन्।

सुसमाचारीय कार्यक्रम पछि सुजाना आफ्नो घरमा फर्के र आफ्नी भाउजु कम्फोर्टलाई आफूले बप्तिस्मा लिएको सुनाइन्। परिवारमा आफूमात्र एडभेन्टिस्ट नभएको थाहा पाएर भाउजु धेरै खुशी भइन्।

सुजानाले आफ्नो हृदय येशूलाई किन सुम्पिन् त? पवित्र आत्माले उनलाई घचघच्याइरहेकोमा कुनै शङ्का छैन। तर चर्चमा जाने सरल आमन्त्रणले प्रभुप्रति आकर्षित हुने प्रक्रिया सुरु भएको थियो।

"जब म एडभेन्टिस्ट चर्चमा पहिलो पल्ट गएँ तब तिनीहरूले गरेका आराधना कार्यक्रमप्रति म आकर्षित भएको थिएँ। तर मलाई चर्चमा जान फेरि बोलाइएको थिएन। त्यसकारण, म गइँन। तर मलाई अर्को आमन्त्रणको निम्ति पर्खिरहेको थिएँ। अनि विश्वविद्यालयमा लिडियाले मलाई आमन्त्रण गरिन्, त्यसको फलस्वरुप आज म एडभेन्टिस्ट भएकी छु," खुशी भएर सुजानाले बताइन्।

*-आन्ड्र्यु मेकचेस्नी*